नगर सभाबाट स्वीकृत मिति : २०७४।११।३०

# नलगाड नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

**नलगाड नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४**

**नगर सभाबाट स्वीकृत मिति :** २०७४/११/३०

**<u>२०७४ सालको ऐन नं. ३</u>**

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> :** (१) यो ऐनको नाम नलगाड नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन नलगाड नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ।

**२. <u>परिभाषा</u> :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले नलगाड नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले नलगाड नगरपालिका सम्झनु पर्छ।

(ङ) "सभा" भन्नाले नेपालको संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त नलगाड नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही नलगाड नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।